# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।२२ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

वीरगञ्ज महानगरपालिका शिक्षा शाखामा कार्यरत शाखा अधिकृत मन्जुर आलम र प्राविधिक सहायक शशीभूषणप्रसाद साहले निजी विद्यालयलाई अनुमति प्रदान गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले निज शशीभूषणप्रसाद साहको भान्जा नाता पर्ने पर्सा जिल्ला, छिपहरमाई गाउँपालिका वडा नं.२ बस्ने बर्ष १५ को परिवर्तित नाम टङ्गाल-१ ले रु.१,००,०००।-(एक लाख) घुसबापतको रकम लिइसकेको अवस्थामा निजहरू तीनै जनालाई नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजहरु मन्जुर आलम, शशीभूषण प्रसाद साह र परिवर्तित नाम टंगाल-१ ले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई बिगो रु.१,००,०००।-(एक लाख) कायम गरी निज शाखा अधिकृत मन्जुर आलम र प्राविधिक सहायक शशीभुषणप्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजायँ हुन साथै परिवर्तित नाम टङ्गाल-१ उमेर १५ वर्ष भइ बालक देखिएको हुँदा बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ३६(३) बमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को देहाय (ग) बमोजिम हुने सजायको आधा सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता